# धनकौल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, सर्लाही

पाँचौं गाउँ सभामा गाउँपालिका अध्क्षय श्री राम आश्रय साह ज्यूद्धारा प्रस्तुत आ.व २०७७।७८ को नीति तथा कार्यक्रम

मिति:२०७७ अषाढ १० गते

पाँचौ गाउँ सभाको उद्घाटन शत्रमा पालनु भएका प्रमुख अतिथी माननीय प्रदेश सभा सदस्य एवं कृषि तथा भुमि व्यवस्थापन समितिका सभापती श्री बिरेन्द्र प्रसाद सिंह ज्यू,

धनकौल गाउँपालिका उपाध्यक्ष श्री अकली सहनी ज्यू,

कार्यक्रममा उपस्थित वडा अध्यक्ष ज्यूहरु,

कार्यपालिका सदस्य ज्यूहरु,

गाउँसभा सदस्य ज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत विभिन्न कार्यालयबाट पाल्नु भएका कार्यालय प्रमुख ज्यूहरु,

धनकौल गाउँपालिका कार्यालय अर्न्तगतका सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु,

संचारकर्मी तथा सुरक्षाकर्मी मित्रहरु लगायत यस सभाहलमा उपस्थित सम्पुर्ण राजनैतिक दलका प्रतिनिधी, समाजसेवी, अतिथी तथा महानुभावहरु

मुलूकको राजनितिक तथा प्रशासनिक संरचना परिवर्तन पश्चातको यो घडीमा उभिएर संविधानले परिकल्पना गरेको दिगो शान्ति एवं हामी सबैले अपेक्षा गरेको समृद्ध नेपाल सुखी नेपालीको लक्ष्यलाई आत्मसाथ गरी धनकौल गाउँपालिकाको दिगो विकास र समृद्धिको लागि वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभामा यहाँहरुको माझ उभिएको छु ।

यस गौरवान्वित अवसरमा सर्वप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निमार्णको क्रममा आफ्नो जिवन उत्सर्ग गर्ने महान ज्ञात अज्ञात सहीदहरु प्रती श्रद्धा सुमनका साथ भावपुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । साथै विभिन्न आन्दोलनमा घाइते भएकाहरुको शिर्घ स्वास्थ्य लाभको कामना गर्दै बेपत्ता नागरीकहरु प्रती सम्मान प्रकट गर्दछु र आजको मिति सम्म सहयात्रामा हिडनुहुने सबै पेशाकर्मी , नागरिक समाज, बुद्धीजिवी तथा यस धनकौल गाउँपालिकाका आम नागरिकलाई विशेष स्मरण गर्न चाहान्छु ।

मूलुकमा अहिले राजनैतिक अस्थिरता समाप्त भएको छ । मुलूक आर्थिक बाटोमा अगाडि बढ्नै लागेको बेलामा विश्व व्यापीरुपमा फैलिएको Covid -19 कोरोना भाइरस रोगको महामारीले नेपालको अर्थतन्त्र लाई नराम्ररी धक्का पुर्याएको भन्ने कुरामा कसैको दुई मत हुन सक्दैन । तसर्थ मुलतः आगामी आर्थिक वर्ष २०७७।७८ मा अझ पनि यो महामारीले हाम्रो देशका साथ साथै हाम्रो धनकौल गाउँपालिकालाई असर नपुर्याउला भन्ने अबस्था छैन । त्यसैले कोरोना भाइरसको महामारीलाई पहिलो प्राथमिकतामा राखी यस गाउँपालिकाको यो पाँचौ गाउँसभा नीति तथा कार्यक्रममा Corona Virus को संक्रमण रोकथाम तथा आउने दिनमा मुख्य रुपमा कृषि, शिक्षा र स्वास्थ्यलाई कसरी विकसित रुप दिने र प्रतिस्पर्धात्मक विकासको अवधारणा, आर्थिक उन्नती, जनजीवनमा सहजता कायम गर्नमा विशेष जोड दिएको छु ।

स्थानीय तहको निर्वाचन पश्चात गठन भएको जनप्रतिनिधिमुलक यस गरीमामय सभामा नीति तथा कार्यक्रम लिएर उपस्थित भएको छु । विगतका वर्षहरुमा हामीले लिएका नीति तथा कार्यक्रमले यस धनकौल गाउँपालिकाको विकास बैज्ञानिक तवरले मापनयोग्य र अनुमानयोग्य तवरबाट अगाडि बढेको मेरो विश्वास रहेको छ । अघिल्लो वर्षमा लिएका नीति तथा कार्यक्रम करिव करिव पुरा भएका छन् । धिमी गतिको विकास क्रममा रहेको हाम्रो समाज हामिले लिएका नीति तथा कार्यक्रम एवम बजेटले गतिलिनुका साथै जनतामा आशाको किरण छाएको हाम्रो विश्वास रहेको छ । यस अवधिमा गाउँपालिकाबासीहरु आधारभुत विकासका पुर्वाधारहरुबाट लाभान्वित हुन सकेका छन् । सबै वडाहरु सडक सञ्जालले जोडिएको छ । दुई वर्ष देखि हैन्डपाईप जडान योजनाले खानेपानीको समस्या निमुर्ल गरेको विश्वास रहेको छ । कृषि तथा पशु सेवामा उल्लेखनिय कार्यक्रम गत आ.व मा पर्न नसकेको महसुस गर्दै यसपालिको नीति तथा कार्यक्रममा पर्याप्त ठाउँ दिएको छु । Corona virus को महामारीले गर्दा हाम्रा ठेक्का लागेका हाटबजारलाई मिनाह गर्नुपर्ने भएकोले lockdown को कारणले गर्दा बन्द रहेको हाट बजार दिनको आधारमा मुल्याङकन गरी सो रकम फिर्ता दिने व्यवस्था मिलाउने म यसै सभाबाट घोषणा गर्दछु ।

नीतिगत स्पष्टता, कार्य जिम्मेवारीको बोध कर्मचारी संयन्त्रको सुदृढीकरण, जनशक्ति व्यवस्थापन, एवं पुर्वाधार क्षेत्रको विकासले प्रभावकारी रुपमा आफ्नो दायित्व बहन गर्न टेवा पुगेको छ । हामीले तय गरेका विकासका प्राथमिकताहरु पुरा हुँदै गएका छन् । यद्यपि आगामी दिनहरुमा हामीले लिने विकासका नीति एवं कार्यक्रमलाई दिगो र परिणाममुखि बनाउँदै लैजानु उत्तिकै चुनौतीपुर्ण समेत रेहको छ ।

गाउँसभा सदस्य ज्यूहरु,

अव म आर्थिक वर्ष २०७७/०७८ को यस धनकौल गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । नेपालको संविधान स्थानीय सरकार संचालन ऐन संघीय एवं प्रदेश

नं २ सरकारको नीति तथा कार्यक्रम ,संघीय एवं प्रदेश नं २ सरकारको आवधिक योजना, नेपाल सरकारको राष्ट्रिय एवं अर्न्तराष्ट्रिय जगतमा प्रतिवद्धता जनाएको विषयहरु ,दिगो विकासका लक्ष्य एवं आम धनकौलबासीका ईच्छा, आकांछा र विकासका चाहना नै यस नीति तथा कार्यक्रमको मागदर्शन हुन । यस धनकौल गाउँपालिकाको वास्तविक आवश्यकतालाई सम्बोधन गर्न छिटो छरितो र प्रतिफल युक्त विकासलाई प्रवद्धन गर्न र न्यून श्रोतबाट अधिकतम क्षेत्र समेटन यस नीति तथा कार्यक्रमको मुख्य ध्येय रहेको छ । कार्यन्वयन गर्न नसकिने प्रकृतिका विकासका योजना पेश गरी आम नागरिकमा भ्रम फैलाउन र नीति तथा कार्यक्रमलाई विकासको मोटो दस्तावेज बनाउनु भन्दा कार्यन्वयन योग्य संक्षिप्त योजना र कार्यक्रमको गोजी पात्रो बनाउनु मेरो मुख्य लक्ष्य रहेको छ ।

## रणनितिहरु

हाल विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ कोरोना भाइरसको महामारीका कारण उत्पन्न स्वास्थ्य समस्या, धरासाही भएको कृषितन्त्र, अर्थतन्त्र लगायतका कोरोना भाइरसले निमत्याएका अन्य समस्याहरुलाई समेत ध्यानमा राखी धनकौल गाउँपालिका आम नागरीकको जीवनरक्षाका लागी छुटै WHO को मापदण्ड अनुसारको क्वारेन्टाइन, कम्तिमा पनि एक MBBS डाक्टरको व्यवस्थापनको अवधरणा लाई अवलम्वन गरी आइसोलेशन वार्ड समेतका लागी सरोकारवलाहरु सँग समन्वय र सहकार्य गरी १५ बेडको सुविधा सम्पन्न अस्पतालको व्यवस्थापनमा जोड दिनुका साथै कृषि, पशु तथा शिक्षामा समेत संघीय र प्रदेश सरकारले अवलम्वन गरेको नीति अनुरुप नै सहकार्य गरी कार्यक्रम संचालन गरीने छ ।

१. आज हामी धनकौल गाउँपालिकाको पाँचौ गाउँ सभामा उपस्थित भएका छौं । यस गरिमामय सभामा यहाँहरु समक्ष आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म लगायत यस गाउँपालिकाको सम्पूर्ण परिवारलाई नै गर्व महसुस भईरहेको छ ।

२. धनकौल गाउँपालिकाले गाउँको सर्वोत्तम मुखी विकासका लागि विभिन्न चरणहरु पार गर्दै सु-संस्कृत, आधुनिक, स्वच्छ , सुन्दर, स्वस्थ्य र सक्षम गाउँको रुपमा स्थापित गर्न बहुआयामिक र दिगो विकासको माध्यमद्वारा स्थानीय पूर्वाधार विकास, लैङ्गीक मूलप्रवाहीकरण, सामाजिक सशक्तिकरण र विकासको मूल प्रवाहमा समाहित हुन नसकेका समुदायको सबलीकरण गर्दै गाउँको विकास अभियानलाई अगाडि बढाउँदै आएको कुरा सर्वविदितै छ ।

३. जनताहरुको सिधा-प्रत्यक्ष सम्बन्ध रहेको संस्था नै स्थानीय सरकार हो । स्थानीय सरकारबाट प्रवाह गरिने सेवामा सरलता, विकास निर्माणका कार्यलाई गुणस्तरीयता एवं नतिजामुखि बनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी, समावेशी र सहभागितामूलक बनाउने कुरालाई उच्च प्राथमिकता दिइने छ । उपलब्ध श्रोत र साधनको उच्चतम परिचालन बाट भौतिक विकासका साथै गाउँपालिका बाट प्रदान गरिने सेवा र सुविधाहरुमा कुनै कमी/कमजोरी नहोस् भन्ने कुरामा सिङ्गो गाउँपालिका सदैव सचेत रहनेछ ।

४. यसलाई दृष्टिगत गरी प्रस्तुत नीति तथा कार्यक्रम स्थानीय सरकार संचालन ऐन, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोगको मार्ग दर्शन र निर्देशन तथा नेपाल

सरकार बाट समय समयमा जारी भएका नीतिगत मार्ग दर्शनको सिमा भित्र रही तयार गरिएको छ ।

५. विषय क्षेत्रगत गुरुयोजनाको कार्यान्वयन, गरिबी न्यूनिकरण, सरसफाई तथा फोहोर व्यवस्थापन, सडक सुधार तथा ढल निर्माण, विद्युतीकरण, हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षण र पर्यटन पुर्वाधारको विकास जस्ता योजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिईनेछ ।

६. धनकौल गाउँपालिकाले लोकतन्त्रको सुदृढिकरण, लोकतन्त्रका लाभहरूको न्यायोचित वितरण, लैंगिक समानता र समावेशी विकास तथा वञ्चितिकरणमा परेका समुदायको सबलीकरण मार्फत गाउँको सर्वोत्तममुखी विकासलाई अगाडि बढाउने प्रयत्न गरिनेछ ।

७. यस पृष्ठभूमिमा आ.व. ०७७/०७८ को बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय जनसहभागिता, सामाजिक समावेशीकरणको माध्यमद्वारा समुदायको सशक्तिकरण, गरिबी न्यूनीकरण, आधारभुत स्वास्थ्य सेवाको पहुँचमा विस्तार, सबैको लागी शिक्षा स्थानीय पूर्वाधार सेवाको विस्तार, सेवा प्रवाहमा सरलीकरण, सुशासन पारदर्शिता र जवाफदेहिता एवं सूचना मैत्री विकास प्रशासनलाई उच्च प्राथमिकता दिईएको छ ।

८. गाउँक्षेत्रको स्थानीय पूर्वाधार एवं आर्थिक सामाजिक विकासमा पछि परेका वडाहरुमा गाउँस्तरिय यातायात गुरुयोजना, ग्रामिण विकास आवास गुरुयोजना अनुसार सडक तथा नाला निर्माण, सौर्यबत्ति जडान, सास्कृतीक प्रवर्द्धन गर्न मठ, मन्दिर लगायतका पूर्वाधार विकासलाई निरन्तरता दिईनेछ ।

९. आयोजनाहरु संचालन गर्दा आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाईन, ड्रईङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन, सुपरिवेक्षण, अनुगमन, मुल्याङकन, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन जस्ता विषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने छ ।

१०. योजना तर्जुमा र कार्यान्वयन गर्दा प्रत्येक वडा भेलाहरुबाट सिफारिस भई आएका र एकिकृत योजना  तर्जुमा समितिवाट प्राथमिकिकरणमा राखी छनौट भएका कार्यक्रम तथा योजनाहरुलाई उपलब्ध श्रोत साधन र स्थानीय आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ ।

११. “स्थानीय कर स्थानीय विकासको लागि” भन्ने मुल ध्येयका साथ कर संकलन र करदाता वृद्धि कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । यसका लागि करदाता मैत्री प्रशासनमा जोड दिई सचेतना कार्यक्रम, सूचना सम्प्रेषण, करदाता घरदैलो कार्यक्रम र करदाता मैत्री व्यवहारको विकासमा जोड दिइनेछ । यस्ता कार्यक्रम सञ्चालन गर्दा सम्पूर्ण गाउँवासीहरुको तर्फवाट सद्भाव र सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

१२. सहकार्य गर्ने निकाय सगँको साझेदारीमा जैविक मल उत्पादन योजना तथा कार्यक्रमहरुलाई क्रमशः अगाडि बढाइने छ । यसको सफल कार्यान्वयनबाट धनकौल गाउँपालिका क्षेत्रमा कृषि उत्पादनमा वृद्धि हुने अपेक्षा गरेको छु ।

१३. धनकौल गाउँक्षेत्रमा योजना तथा कार्यक्रम संचालनमा महिला, बालबालिका, आदिवासी जनजाति, आर्थिक तथा सामाजिक रुपमा पिछडिएका वर्ग तथा क्षेत्र, जेष्ठनागरिक, दलित, फरक क्षमता भएका व्यक्तिहरु, मधेसि, मुस्लिम तथा पिछडा वर्ग,लैंगिक अल्पसंख्यक आदिको विकास र उत्थानका निम्ति विशेष जोड दिईएकोले लक्ष्य प्राप्तिमा समेत उपयोगी सिद्ध हुने विश्वास लिएको छु ।

**अब म विषयगत आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहन्छु ।**

**क) कृषिः**

- विश्वमै Covid-19 रोगको महामारीले पनि कृषिमा आत्मनिर्भरताको यर्थात लाई पहिचान गरेको छ । दिर्घकालीन रुपमा धनकौल गाउँपालिकाको समृद्धिका लागि कृषि क्षेत्रलाई मुख्य प्रथमिकता दिएको छ । कृषिमा आधुनिकीकरण भित्र्याउने सामुहिक वा एकल रुपमा हरेक किसानलाई आत्मनिर्भर बनाउन कृषिको व्यवसायीकरण गरिनेछ । आवश्यकता अनुसार कृषि नीति तथा योजना बनाई कार्यान्वयन गरिनेछ ।
- पोषण कार्यक्रम अन्तर्गत बृहत पोषण प्याकेजको तालीम प्राप्त हाम्रो स्वास्थयकर्मी एवं स्वयमसेविकाहरु बाट पौष्टिक स्तरका वालीहरु उत्पादनका लागि विशेष चेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।
- बाली विमा गर्नका लागि किसानहरु समक्ष सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- सहकारी खेतीमा विशेष जोड दिईनेछ ।
- एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत प्रतिस्पर्धात्म्क कृषिको अवधारण लागु गरिनेछ ।
- कृषकको आवश्यकता अनुसार अन्तर जिल्ला स्तरिय कृषक अध्यन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ
- रोजीरोटीका लागि विदेशबाट Covid 19 महामारीका कारण स्वदेशफर्केका लागि गाउँपालिका भित्रै प्रधानमन्त्री रोजगार कार्यकम मार्फत रोजगारी दिन स्वरोजगारीका गतिविधि अघि बढाईनेछ ।
- कृषिलाई प्रथमिकता दिने वित्तिय संस्थालाई विस्तारिकरणका लागि गाउँपालिकाले समनिकरण र सहजिकरण गर्नेछ।
- वित्तिय संस्थाहरुलाई कृषिमा लगानी गर्नका लागि सम्नवय गरिनेछ ।

**ख) पशु सेवा :**

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गा.पा.को विभिन्न वडामा उपलब्ध ऐलानी जग्गामा वृक्षारोपन गरि युवाहरुलाई स्वरोजगार बनाइनेछ ।
- प्रत्येक वडामा अनिवार्य रुपमा पशु स्वास्थ्य शिविर संचालनमा ल्याईनेछ ।
- गाई,भैंसी, बाख्रा, हाँस, बंगुर, कुखुरा तथा माछापालन सम्बन्धि विशेष कार्यक्रम संचलनमा ल्याईने छ ।

**ग) उद्योग तथा वाणिज्य**

- उद्योग व्यवसाय दर्ता तथा करदाता शिक्षा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- वर्षाको बखतमा हिलेयाम हुने हाम्रो हाट बजारहरुलाई यस पालि अनिवार्य रुपमा कम्तीमा ढलान र फोहर मैलाको उचित व्यस्थापन गरिनेछ ।
- वजार अनुगमनलाई विशेष रुपमा कार्यन्वयनमा ल्याईनेछ ।
- आगामी बर्ष देखि फोहर मैलाको व्यवस्थापन पुर्न रुपमा सुचारु गरि मल उत्पादन केन्द्रको स्थापना गरी युवा रोजगार कार्यक्रम लागु गरिनेछ ।

**घ) पर्यटन तथा संस्कृत**

धनकौल गाउँपालिकाको वडा नं २ को दुर्गा मन्दिर र वडा नं. ७ मा रहेको कृष्ण प्रणामी मन्दिर लाई निर्माण गरि संस्कृति प्रवद्धनमा जोड दिईनेछ ।

**ङ) सहकारी**

सहकारीका सात सिद्धान्तको मर्मलाई आत्मसाथ गर्दै गाउपालिका भित्र रहेका सहकारीहरुको स्तरियकरण तथा सवलीकरणका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ। साथै सहकारीको नाममा समाजको शोषन गर्ने र मान्यता अनुरुप कार्य नगर्ने सहकारीहरुलाई नियमन एवं कारवाही गरिनेछ ।

कृषि सहकारीमा जोड दिदै त्यसलाई व्यवसायीकरण संग आवद्ध तुल्याईनेछ ।

सहकारी संस्थाहरुको सहकार्यमा सामाजिक विकासका कार्यक्रम संचालन गरिनेछ ।

सहकारी मार्फत खाद्यान्न पसल संचालनमा जोड दिईनेछ ।

**च) सामाजिक विकास**

१. आधारभूत स्वास्थ्य सेवाको विस्तार र पोषण कार्यक्रम संचालन गरिनेछ ।

२. लैंगिक विकास र सामाजिक समावेशि करणको माध्यमबाट लक्षित वर्ग उन्मुख कार्यक्रम संचालन गरिनेछ ।

३. ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक मठ-मन्दिर, जस्ता धरोहरको संरक्षण र विकास कार्यलाई प्रभावकारी बनाइनेछ ।

४. सार्वजनिक पर्ती जग्गाहरुको संरक्षण गर्ने र ती क्षेत्रहरुको अधिकतम उपयोग गर्न खेलकुद मैदान, प्राथमिक स्वास्थ्य केन्द्र, व्यवसायिक पूर्वाधार योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

५. उपभोक्ताहरुको हित संरक्षणका लागि खाद्य पदार्थमा गुणस्तर कायम गर्न, खाद्यमिसावट नियन्त्रण गर्ने, मासुजन्य पदार्थको बिंक्री वितरणलाई व्यवस्थित गर्ने, स्वास्थ्य क्षेत्रमा हैजा, डेंगु, मलेरिया जस्ता महामारी नियन्त्रणका लागि स्वास्थ्यकर्मीहरुलाई परिचालन र सक्रिय बनाइनेछ ।

६. बालबालिकाहरुको नैसर्गिक अधिकार सुनिश्चित गर्दै बालबालिकाहरुको विकाससँग सम्बन्धित सूचक सहितको वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । वाल श्रम न्यूनीकरण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।

७. आधारभुत स्वास्थ्य सेवाको पहुँचमा विस्तार गर्न जिल्ला स्वास्थ्य कार्यालय तथा अस्पतालहरु सँग समन्वय गरि गाउँ/घर क्लिनिक जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

८. पाँच वर्ष मुनिका बालबालिकाहरुलाई दिनुपर्ने सबै किसिमका खोप दिने कार्य अभियानको रुपमा सञ्चालन गरिनेछ ।

९. तीन वर्ष भित्र पूर्ण साक्षर गाउँको रुपमा घोषणा गर्ने कार्य अभियानको रुपमा सञ्चालन गरिनेछ ।

१०.धनकौल गाउपालिका भित्र घर परिवारहरुलाई बलबालिका शिक्षा अनिवार्य गरिनेछ । बालबालिकालाई विद्यालय पढन न पठाउने घर परिवारलाई गा.पा बाट पाउने सम्पूर्ण सुख सुविधाबाट बन्चित गरिनेछ ।

११.किशोरीहरुलाई प्रविधिक शिक्षा तर्फ आकर्षित गर्ने किसिमका कार्यक्रम संचालन गरिनेछ ।

१२.सबैका लागि निशुल्क र गुणस्तरीय शिक्षा हाम्रो प्रतिवद्धताका साथ महिलाहरुलाई अनौपचारिक शिक्षा लिने तर्फ प्रेरित गरिनेछ ।

१३.दरबन्दी नभएका तथा न्यून दरवन्दी भएका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन अनुदान दिने कार्यलाई निरन्तरता दिईनेछ ।

१४.महिला, बालबालिका, पिछडिएका क्षेत्र र वर्गका समुदायका लागि सुत्रमा आधारित बजेट विनियोजन गरि आर्थिक तथा सामाजिक विकास सम्बन्धि सीप तथा क्षमता विकास र रोजगारी प्रवर्द्धनका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१५.किशोर किशोरी मैत्री गाउँपालिका बनाउनका लागी सरोकारवलाहरुको सहकार्यमा किशोर किशोरी लक्षित कार्यकम लाई प्राथमिकता दिइनेछ ।

१६.पुर्ण खोप गाउँपालिका अभियानलाई अझ प्रभावकारी बनाइनेछ ।

१७.पुर्वाधार पुगेका स्वास्थ्य चौकीहरुमा बर्थिङ सेन्टर स्थपना गरिनेछ । साथै उपाध्यक्ष सुरक्षित मातृत्व प्रबर्द्धन कार्यकमलाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१८.विद्यालय जाने सम्पुर्ण बालबालिकाहरुलाई विद्यालयमुखि बनाउनका लागी शैक्षिक सामाग्री लगायतका अन्य क्रियाकलापहरुलाई निरन्तरता दिइनेछ ।

१९.उत्कृष्ठ सेवा प्रदान गर्ने स्वास्थ्य कर्मी, तथा महिला स्वास्थ्य स्वयमसेवीकालाई पुरस्कृत गरिदै लगिनेछ । महिला स्वास्थ्य स्वयमसेवीकाहरुलाई प्रोत्साहनका कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

२०.युवा वर्गलाई खेलकुदको माध्यमबाट स्वस्थ जीवनशैली निर्माण,तथा खेलकुदका लागी पूर्वाधार विकास गर्नुका साथै खेल र खेलाडीहरुलाई उत्साहित र कियाहील बनाउने खालका विभिन्न खेलकुद कार्यक्रम संचालन गरिनेछ । विद्यालयको शैक्षिक गुणस्तर प्रति विद्यालय व्यवस्थापन समिति र अभिभावकहरुलाई जिम्मेवार बनाउन कम्तीमा महिनामा एक पटक प्रत्येक विद्यालयले अनिवार्य रुपमा अभिभावक भेला बोलाउनु पर्नेछ ।

२१ सबै विद्यालयहरुमा पाठशाला एक बगैँचा विद्यालयमा संचालन गरिनेछ ।

२२.सबै कक्षा कोठालाई चिटिक्क र सफा हुन आवश्यक रहेकोले यस आर्थिक वर्षमा विद्यालयहरुलाई सृजनाको स्रोत कक्षाकोठा अभियान चलाईनेछ ।

२३.विद्यालयको निरन्तर अनुगमन तथा सुपरिवेक्षणका लागि अनुगमन संयन्त्र बनाईनेछ ।

२४.ई हाजिरिको कार्यन्वयनका लागि निर्देशिका बनाई कडारुपमा कार्यनव्यन गरिनेछ ।

२५.विद्यालयहरुमा गुणस्तरीय र पोषण युक्त दिवा खाजाको लागी सार्वजनीक खरिद ऐनमा भएको व्यवस्था बमोजिम टेण्डर प्रकृया बाट गरिने छ ।

२६.विद्यालयको शैक्षिक गतीविधिको सम्बन्धमा भए गरेको प्रगतीको समिक्षा गर्न अनिवार्य मासिक रुपमा प्र.अ. बैठक बस्ने व्यवस्था मिलाइने छ ।

२७.धनकौल गाउँपालिका भित्र रहेका सामुदायीक विद्यालयमा अध्ययनरत कक्षा ८, ९ र १० का छात्र छात्राहरुलाई विद्यालय लागेको दिनको ९०% उपस्थित रहेको खण्डमा जेहनदार विद्यार्थीहरुलाई गा.पा.अध्यक्ष स्तरीय प्रोत्सान कार्यक्रम बाट मासिक रु.५००।- का दरले प्रोत्सान दिने व्यवस्था मिलाइने छ ।

२८.निमार्णाधिन आधारभुत स्वास्थ्य सेवा एकाई केन्द्रहरुलाई निर्माण सम्पन्न गरि स्वास्थ्य सेवा लाई अझ प्रभावकारी बनाइने छ ।

२९.वडा नं. ६ मा रहेको स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर संचालनका लागि सम्भावयता अध्ययन गरि बर्थिङ सेन्टर संचालन प्रकृया अगाडी बढाइने छ ।

३०.अधारभुत विद्यालय र मा.वि.मा नि:शुल्क स्यानेटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३१.प्रत्येक विधालयमा एक जना शिक्षक लाई प्राथमिक उपचार सम्बन्धि तालिम दिई किट बक्स उपलब्ध गराई सेवा प्रदान गर्न प्रेरीत गरिने छ ।

३२.विद्यालयहरुमा खेलकुद प्रोत्साहन गर्नका लागि खेलकुद सामाग्री वितरण गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

३३.युवाहरुको स्वास्थ्यलाई ध्यानमा राखी जिम संचालनको व्यवस्था मिलाइनेछ ।

३३.गाउँपालिका स्तरीय खेलकुद प्रतीयोगिताहरु संचालन गरिने छ ।

३४.आँखा शिविरको लागी तिलगंगा अस्पताल संग समन्वय गरि धनकौल गाउँपालिकामै आँखा शिविरको व्यवस्था गरिने छ ।

३५.संस्थागत प्रसुतीलाई प्रोत्साहन गर्न संस्थामा सुत्केरी हुने महिला लाई गा.पा. अध्यक्ष ज्यू द्वारा सम्मान स्वरुप एक सेट लुगा प्रदान गरिने छ ।

३६.स्वास्थ्य संस्थाहरु लाई मर्मत, विद्युतिकरण, फनिर्चर र इ .हाजरीको व्यवस्थापन गरिनेछ ।

**५ लैंगिक समान्ता र समावेशिकरण**

- जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- गरिव, विपन्न, जेहेनदार, दलित बालबालिका तथा छात्राहरु पहिचान गरि कक्षा ११ र १२ मा नि:शुल्क पढाउन व्यवस्था गरिनेछ ।
- महिलाहरुको नेतृत्व क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिलाहरुमाथि हुने विभेद घरेलु हिंसालाई सम्बोधन गर्न पीडित महिला संरक्षण कार्यक्रम लागु गरिनेछ ।
- पाठेघर सम्बन्धि सम्स्या भएका महिलाहरुको नि:शुल्क उपचारको जिम्मेवारी गाउँपालिकाले ग्रहण गर्नेछ ।
- सार्वजनिक सेवा प्रवाह, विकास निर्माण सेवा सुविधा लगायतका सबै क्षेत्रमा लक्षित वर्गको सम्मानजनक उपस्थिति गराउने नीति अवलम्बन गरिनेछ ।
- न्यायिक समिति अन्तर्गतका वडास्तरिय मेलमिलाप समितिहरुको क्षमता विकासका लागि सशक्तिकरणका कार्यक्रम संचालन गरिनेछ ।
- ज्येषठ नागरिकको सम्मान कार्यक्रमको निरन्तरता दिइनेछ ।
- अपाङ्गहरुको उपचारका लागी आर्थिक सहयोगको कार्यकम गरिनेछ ।

**भौतिक तथा पूर्वाधार विकास**

१. सडक बत्ती सुधार, सौर्यबत्तीको विस्तार तथा विद्युतिकरण कार्यक्रम संचालन गरिनेछ ।

२. भवन निर्माण संहिताको कार्यान्वयनमा जोड तथा नयाँ प्रविधियुक्त भूपम्प प्रतिरोधी भवन निर्माणमा उच्च प्राथमिकता र प्रोत्साहन दिइनेछ ।

३. आधारभूत पूर्वाधार विकासमा जोड दिँदै सडक, नाला तथा ढल, खानेपानी, विद्युत जस्ता पूर्वाधार विकासमा जोड दिइनेछ ।

४. विकास निर्माणको कार्यलाई.तोकिएको समय र निर्धारित मापदण्ड तथा गुणस्तर बमोजिम सम्पन्न गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

५. आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन, गाउँपालिका कार्यालयको प्रशासनीक भवन, विद्यालय भवन र झोलुङे पुल निमार्ण कार्यको लागी म्याद थप गरि अगामी आर्थिक बर्ष सम्ममा कार्य सम्पन्न गरिनेछ ।

**वन वातावरण तथा विपद व्यवस्थापन**

- वातावरण संरक्षण तथा बाढी पहिरो न्युनीकरणका लागि बृक्षारोपन कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- पक्की र कालोपत्रे सडकहरुलाई बृक्षारोपन गरि सौन्दर्यकरण गरिनेछ ।
- कोभिड १९ महामारी संग लडन आवश्यक रकम विनियोजन गरि विपत व्यवस्थापनमा खटिने स्वास्थ्यकर्मी लगायतका कर्मचारीहरु लाई जोखिम भत्ता तथा अन्य कोभिड संग सम्बन्धीत खर्चको व्यवस्थापन गरिनेछ ।
- बाढी पहिरोको लागी समयमै पूर्व तयारी तथा अन्य बन्दोबस्तीका समानहरु खरिद गरि तयारी अवस्थामा राख्ने कार्यलाई अगाडी बढाइनेछ ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

१. स्थानीय सुशासनको लागि पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको प्रवर्द्धन तथा सेवा सुविधाको प्रभावकारी वितरण गरिनेछ ।

२. विश्वसनीय र गुणस्तरिय लेखा परिक्षणको माध्यमबाट वित्तीय सुशासन कायम गर्न आन्तरिक लेखा परिक्षणको कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

३. प्रचलित ऐन, नियमको प्रभावकारी कार्यान्वयन गरी सुव्यवस्था कायम गर्न वार्षिक कार्य योजना तर्जुमा गरी जनचेतना अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. सूचना केन्द्रलाई सुदृढ र प्रभावकारी बनाई सबै किसिमका तथ्याङ्क एकीकृत रुपमा उपयोग गर्न एकीकृत तथ्याङ्क प्रणाली लागु गरिनेछ ।

५. वेवसाइटमा गाउँपालिकाको सबै सूचनाहरु अद्यावधिक गरी राख्ने व्यवस्थालाई अझ बढी सुदृढ गरिनेछ ।

६. पंजिकरण व्यवस्थापनलाई सुदिृढिकरण गर्दै लगिनेछ ।

७. लैङ्गीक मैत्री, बालमैत्री तथा वातावरणमैत्री स्थानीय शासनको प्रवर्द्धन गरिनेछ ।

| आ.व. ०७७/०७८ को अनुमानित आय र व्यय विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| तपसिल | | | | | | | | रु हजारमा | |
| धनकौल गाउँपालिका | | | | | | | गाउँसभामा पेश भएको मिति २०७७/०३/१० | | |
| विवरण | आन्तरिक स्रोत (क) | राजस्व बाँडफाडबाट प्राप्त हुने रकम (ख) | वित्तिय समानीकरण अनुदान (ग) | सर्सत अनुदान (घ) | विशेष र समपुरक अनुदान(ङ) | आन्तरिक ऋण (च) | कुल बजेट (क देखि च सम्मको जोड) | खर्च प्रस्ताव | |
| | | | | | | | | चालु | पुँजिगत |
| संघ | | ५८००० | ९३५०० | ९७८०० | १०००० | | २५९३०० | १५५५८० | १०३७२० |
| प्रदेश | | २५०० | ६९६४ | ८००० | ५००० | | २२४६४ | १३४७८ | ८९८५.६ |
| स्थानीय तह | २००० | | | | | | २००० | २००० | |
| सा.सु | | | | | | | ६०००० | ६०००० | |
| ब.क्षे.पो. | | | | | | | १५०० | १५०० | |
| जम्मा | २००० | ६०५०० | १००४६४ | १०५८०० | १५००० | | ३४५२६४ | २३२५५८ | ११२७०५.६ |

**गाउँसभाका सदस्यज्यूहरु**

उल्लेखित नीति कार्यान्वयन गर्ने आवश्यक पर्ने कार्यविधिहरु आ.व. ०७७/०७८ भित्रै स्वीकृत गरी.कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

उल्लेखित नीति तथा कार्यक्रमहरु धनकौल गाउँपालिका मात्रैको प्रयासले मात्र कार्यान्वयन हुन सक्दैन यसका लागी संघ, प्रदेश सरकारको आड र भरोसा, विकास साझेदारीहरुको सहकार्य, सबै तहका जनप्रतिनिधिहरु, सबै राजनीतिक दल, उद्योगी व्यव्सायी, विभिन्न सरकारी, गैर सरकारी निकाय संघ संसथा, सामाजिक अभियन्ता, निर्माण व्यवसायी लगायत सम्पूर्ण गाउँबासी आमा, बाबु ,दाजुभाई ,दिदि बहिनीहरुको साथ सहयोग र सक्रियता, खबरदारी अनि रचनात्मक आलोचना समेत प्राप्त भएमा मात्र कार्यन्वयन सफल हुने हुदाँ यस अवसरमा त्यस प्रकारको सहयोगका लागि विनम्रतापूर्वक अनुरोध गर्दै प्रस्तुत नीति कार्यक्रम तैयार गर्न सहयोग गर्ने सम्पुर्ण जनप्रतिनिधि कर्मचारीहरु लगायत सम्पुर्णलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद !!!

मिति:२०७७ अषाढ १० गते

**राम आश्रय साह**

गाउँपालिका अध्यक्ष

# धनकौल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, सर्लाही

पाँचौं गाउँ सभामा गाउँपालिका अध्क्षय श्री राम आश्रय साह ज्यूद्धारा प्रस्तुत

**आ.व : २०७७।७८**

को

**नीति तथा कार्यक्रम**

**मितिः २०७७ असाढ १० गते**